मिति २०८३।०६।२० मा बसेको ७९ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरू:

कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्या: ७९ औं
अध्यक्षता: श्री गणेशबहादुर के.सी.
बैठक मितिः २०८३।०६।२०
बैठक स्थानः महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर ।
बैठक समयः बिहान ९:०० बजे

क्र.स.	प्रस्तावहरु	कै.
१	ह्युम पाइप खरिदको लागि बजेट सुनिश्चित सम्बन्धमा।	
२	व्याक हो लोडर मर्मतको लागि सम्झौता गर्ने सम्बन्धमा।	
३	विविध सम्बन्धमा।	

शर्मिला बन्जाडे
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

मिति २०८३।०६।२० मा बसेको ७९ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरू:

पूर्व बैठकको समीक्षा

मिति २०८३।०५।१८ मा बसेको ७८ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्द्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

निर्णय नं.१:- प्रस्ताव नं. १ माथी छलफल गर्दा महाङ्काल गाउँपालिका वडा नं. १, वुखेल स्थीत श्री कालीदेवी माध्यमिक विद्यालय अगाडीको खोलामा विद्यार्थी लगायत सर्वसाधरणको लागि आवतजावत गर्नको लागि मिति २०८३।०४।२६ गते ह्युम पाइप खरिद गर्ने निर्णय भए बमोजिम उक्त कार्य सम्पन्न गर्दा लाग्ने प्राविधिक मूल्याङ्कन बमोजिमको रकम उद्धार, राहत तथा पुनर्स्थापना खर्च शीर्षकबाट भुक्तानी हुने गरी ह्युम पाइप खरिद तथा व्यवस्थापन गर्न स्रोत सुनिश्चित गर्ने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं.२:- प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकामा रहेका २ थान व्याक हो लोडर मर्मतको लागि मिति २०८३।०४।१२ र मिति २०८३।०५।०८ गते प्रस्ताव आव्हान गरिएकोमा कुनै पनि प्रस्ताव पेश हुन नआएकोले आ.व. २०८२।०८३ मा यस गाउँपालिकाले सम्झौता गरेको **श्री त्रिदेव अर्थमूभर्स, प्रा.लि., काठमाडौँसँग** आ.व. २०८३।०८४ को लागि सम्झौता गरी मर्मत कार्य गर्ने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं.३:- **विविध सम्बन्धमा छलफल गर्दा देहायका निर्णयहरु गरियो:**

क) नेपालीहरुको महान साँस्कृतिक चाडपर्वहरु बडादसैं, तिहार (दिपावली), छठ पर्व तथा नेपाल संवतको पावन अवसरमा यस गाउँपालिका क्षेत्रभित्र तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वहरु सभ्य तथा मर्यादित रुपले मनाउनको लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

शर्मिला बन्जाडे
प्रमुख प्रशासकीय अधिकृत